नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौंको

**सूचना**

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८।०८।०२ को निर्णयानुसार संक्रामक पशु रोग नियन्त्रण विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्राप्त भएकोमा यस मन्त्रालय (सचिवस्तर) को मिति २०७९।०५।३० को निर्णयानुसार उक्त विधेयक तर्जुमाको मस्यौदा तयारीको लागि कार्य विवरण सहितको मन्त्रालयस्तरीय कार्यदल गठन भई मस्यौदा निर्माणको कार्य प्रारम्भ भएको र सो मस्यौदामा समावेश हुनुपर्ने व्यवस्थाहरूको सन्दर्भमा पशुपालक कृषक, व्यवसायी, सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, पेशागत संघ संगठन, सम्बन्धित सरकारी निकाय एवं सर्वसाधारणलाई मन्त्रालयमा लिखित रुपमा प्राप्त हुने गरी वा ahd@moald.gov.np वा lfdd@moald.gov.np मा तपसिलमा उल्लेख भएका क्षेत्रगत विषयमा राय सुझाव उपलब्ध गराईदिनुहुन अनुरोध छ।

**तपसिलः**

१ प्रस्तावना
२ संक्षिप्त नाम र प्रारम्भ
३ परिभाषा
४ संक्रामक पशु रोग नियन्त्रण समिति सम्बन्धी व्यवस्था
५ तीनवटै तहमा कार्य गर्ने भेटेरिनरी अधिकृत तथा भेटेरिनरी रेपिड रेस्पोन्स सम्बन्धी व्यवस्था
६ संक्रामक पशु रोगको जानकारी एवं रोकथाम तथा नियन्त्रणको पूर्व तयरी सम्बन्धी व्यवस्था
७ संक्रमित क्षेत्र तथा निगरानी क्षेत्रको घोषणा र फुकुवा गर्ने सम्बन्धी व्यवस्था
८ संक्रामक रोग रोकथाम तथा नियन्त्रण सम्बन्धी व्यवस्था
९ रोग नियन्त्रण गर्न ओसारपसारमा प्रतिबन्ध तथा चरन क्षेत्रमा प्रवेश रोक्ने सम्बन्धी व्यवस्था
१० राहत तथा संक्रामक पशु रोग नियन्त्रण कोष तथा सोको सञ्चालन सम्बन्धी व्यवस्था
११ करूणा मृत्यु सम्बन्धी व्यवस्था
१२ जोनिङ्ग तथा कम्पार्टमेन्टलाइजेसन सम्बन्धी व्यवस्था
१३ रोग सर्भिलेन्स, अनुगमन तथा नियन्त्रणमा संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्य
१४ अनुसन्धान, कसुर र सजाय
१५ ऐन कार्यान्वयन सम्बन्धी विशेषाधिकार
१६ विविध